साकेला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मानेभन्ज्याङ, खोटाङ

# साकेला गाउँपालिकाका करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्यविधि, २०८२

२०८२

# साकेला गाउँपालिकाका करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्यविधि, २०८२

**प्रस्तावना :**

नेपालको संविधानको धारा २४ को उपधारा ३४ को २ अनुसार श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षाको हक सुनिष्चितता गर्न वाञ्छनीय भएकाले साकेला गाउँपालिकाको कार्यालयले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरि यो कार्यविधि बनाई लागू गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम "साकेला गाउँपालिकाका करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाले पारित गरेको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) **"कार्यविधि"** भन्नाले साकेला गाउँपालिकाका करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्यविधि, २०८२ सम्झनु पर्छ ।

(ख) **"गाउँ कार्यपालिका"** भन्नाले साकेला गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) **"गाउँपालिका"** भन्नाले साकेला गाउँपालिका सम्झनु पर्छ ।

(घ) **"सभा"** भन्नाले साकेला गाउँपालिकाको सभा सम्झनु पर्छ ।

(ङ) **"वडा"** भन्नाले साकेला गाउँपालिका भित्रका पाँच वटा वडा कार्यालयलाई सम्झनु पर्छ ।

(च) **"संविधान"** भन्नाले नेपालको संविधान २०७२ सम्झनु पर्छ ।

(छ) **"विषयगत शाखा"** भन्नाले साकेला गाउँपालिका कार्यालय मातहतमा रहेका विभिन्न शाखाहरु सम्झनु पर्छ ।

(ज) **"प्रमुख"** भन्नाले साकेला गाउँपालिकाको गाउँपालिका प्रमुखलाई सम्झनु पर्छ ।

(झ) **"उप-प्रमुख"** भन्नाले साकेला गाउँपालिकाको गाउँपालिका उप-प्रमुखलाई सम्झनु पर्छ ।

(ञ) **"वडा अध्यक्ष"** भन्नाले साकेला गाउँपालिकाको पाँच वटा वडाका वडा-अध्यक्षलाई सम्झनु पर्छ ।

(ट) **"वडा सदस्य"** भन्नाले साकेला गाउँपालिकाको पाँच वटा वडाका वडा सदस्यहरुलाई सम्झनु पर्छ ।

(ठ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले साकेला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ड) **"सामाजिक सुरक्षा कोष"** भन्नाले संघीय सरकारबाट बनाईएको योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को कोषलाई सम्झनु पर्छ ।

(ढ) **"करारका कर्मचारी"** भन्नाले साकेला गाउँपालिकाको कार्यालयले तलब भत्ता भुक्तानी गर्ने करार सेवाका कर्मचारी सम्झनु पर्छ ।

**३. जिम्मेवारी र उत्तरदायित्व :**

(१) गाउँपालिकाको कार्यालय र मातहतका कार्यालयमा कार्यरत गाउँपालिकाले तलब भत्ता भुक्तानी गर्ने करार कर्मचारीलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउँदै लैजानु साकेला गाउँपालिका गाउँ कार्यपालिकाको जिम्मेवारी रहनेछ ।

(२) गाउँ कार्यपालिकाले आफ्ना करारका कर्मचारीहरुलाई वार्षिक रुपमा आवश्यक पर्ने कर्मचारीहरुको लागि रोजगारदाताले बुझाउनु पर्ने २० प्रतिशत रकम सुनिश्चित गरि गाउँसभाबाट विनियोजन गराउनु गाउँ कार्यपालिकाको जिम्मेवारी रहनेछ ।

(३) साकेला गाउँपालिकाको कार्यालय वा मातहतका कार्यालयहरुमा कार्यरत करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन यो कार्यविधि गाउँ कार्यपालिकाबाट पारित भए पश्चात स्वत लागू हुनेछ । कार्यविधि लागू हुने मिति २०८२ साउन १ देखि हुनेछ । कर्मचारीहरुको सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्य गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले गर्नुपर्नेछ ।

(४) साकेला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध कर्मचारीहरुको खाईपाई आएको सुरु तलव स्केलको कम्तीमा ६० प्रतिशतलाई आधारभूत तलव मानी त्यसको २० प्रतिशत रोजगारदाताबाट र ११ प्रतिशत योगदानकर्ताको तर्फबाट गरि जम्मा ३१ प्रतिशत रकम सामाजिक सुरक्षा कोषमा जम्मा गरिनेछ ।

**४. समिति गठन :**

(१) करार कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सूचिकृत गरि आवद्ध गराउन देहाय बमोजिमको समिति गठन गरिनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत – संयोजक

(ख) आर्थिक प्रशासन शाखा – सदस्य

(ग) कर्मचारी प्रशासन शाखा प्रमुख – सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

(क) गाउँ कार्यपालिकामा निरन्तर ५ (पाँच) वर्ष वा सो भन्दा बढी सेवा अवधि कार्य गरेका करार कर्मचारीहरु योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध वा सूचिकृत हुने सङ्ख्याको एकीन गर्ने ।

(ख) नेपाल सरकारले जारी गरेको योगदानमा आधारित सामाजिक सुरक्षा कोष ऐन, सो सम्बन्धमा बनेका नियमावली, कार्यविधि, राजपत्र तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी गरिएका परिपत्रहरुमा सम्बन्धित रहेर करारका कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने ।

(ग) अनलाईन माध्यमद्वारा गाउँ कार्यपालिकालाई रोजगारदाताको रुपमा र करारका कर्मचारीहरुलाई योगदानकर्ताको रुपमा सूचिकृत गर्न सामाजिक सुरक्षा कोषसँग समन्वय गरि सूचिकरण गर्ने वा गराउने ।

(घ) करारका कर्मचारीहरुलाई योगदानकर्ताको रुपमा सुचिकृत गर्न अन्य आवश्यक कार्य गर्ने ।

**५. थपघट, हेरफेर वा संशोधन** : गाउँसभा/कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार थपघट वा हेरफेर वा संशोधन गर्न सक्नेछ ।

**६. बाधा अड्काउ फुकाउ** : यो कार्यविधि कार्यान्वयनको सम्बन्धमा कुनै बाधा हड्काउ परेमा यस कार्यविधिको मूलमर्म प्रतिकूल नहुने गरि गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ ।

सोल्ला गाँउपालिका